कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २९४ | वि.सं. २०८१ फागुन ३ शनिवार | नेपाल संवत: ११४५, फागुन कृष्ण तृतिया | Saturday 15 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## खेलकुदले देशलाई चिनाउँछ : मुख्यमन्त्री कँडेल

**युग संवाददाता**
**सुर्खेत, २ फागुन ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले खेलकुदको माध्यमबाट खेलाडीले देशलाई चिनाई रहेको बताएका छन् । शुक्रबार १६ औं सुर्खेत जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटनलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले कम स्रोत र साधनबीच खेलाडीहरुले आफ्नो मेहनतले देशलाई नै विश्वसामु चिनाएको उल्लेख गरे । विद्यालयमा रहेका हरेक विद्यार्थीहरुलाई खेलकुदका माध्यमबाट असल नागरिक बनाउन सकिने उल्लेख गर्दै उनले खेलकुदलाई महत्वका साथ हेर्नुपर्ने बताए । खेल क्षेत्र लगायतका अन्य क्षेत्रको विकास गर्न जनतादेखि राजनीति दल मिल्नुको विकल्प नभएको मुख्यमन्त्री कँडेलको भनाई थियो ।

यस्तै, उद्घाटन सत्रमा बोल्दै सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले खेलकुद क्षेत्रको विकासका लागि अनवरत पहल भइरहेको बताए । खेलाडीको जीवन

बाँकी २ पेजमा

### गति लिँदै त्रिदेशिय सडक सञ्जाल कर्णाली कोरिडोर

# ५० किलोमिटर सडक कालोपत्रे गर्न चार अर्बको ठेक्का

**सुशील खड्का**
**सुर्खेत, २ फागुन ।**

विकासका हरेक पक्षबाट पछाडि परेको कर्णाली क्षेत्रको उन्नतिका लागि निर्माण सुरु गरिएको कर्णाली करिडोरलाई यहाँका बासिन्दाले आफ्नो भाग्य र भविष्यसँग जोड्ने गरेका छन् । 'साउथ एन्ड नर्थ एक्सिस गोर्थ' का रूपमा लिइएको कर्णाली कोरिडोरले नेपाल, चीन र भारत जोड्ने छ । यो राजमार्ग चीनको सिमाना जोडिएको हुम्लाको हिल्सादेखि बाँकेको भारतसँग सिमाना जोडिएको जमुनाह नाकासम्म विस्तार हुनेछ । कर्णाली करिडोर नामकरण गरी ट्र्याक खोल्न थालिएको २३ वर्ष भएको छ । नेपालमा राष्ट्रिय सडक सञ्जालले नजोडिएको एउटै जिल्ला हो हुम्ला । सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमा हरेक वर्ष हुम्लामा सडक पुर्‍याउने लक्ष्य राख्ने गरिन्थ्यो । २०५४ सालमा हुम्लामा भोकमरीसँगै फैलिएको भाइरल इन्फुन्जाबाट करिब ५० स्थानीयले ज्यान गुमाएपछि तत्कालीन जिल्ला विकास समितिले चीनसँग सडक जोड्ने योजना बनाएको थियो ।

सडक सुविधा नहुँदा स्थानीय उत्पादित बस्तुले बजार पाउन सकिरहेको थिएन भने दैनिक उपभोग्य सामान सुर्खेत र नेपालगञ्जबाट जहाजदेखि ढुवानी गर्दा महंगो पर्दा सडक अवधारणा अघि बढाइएको हो । २०५७ सालमा नेपाल सरकारका तत्कालीन उपप्रधानमन्त्री रामचन्द्र पौडेलले कर्णाली कोरिडोरको कालिकोटको खुलालुबाट शिलान्यास गरिसकेको थिए । तत्कालिन जिल्ला विकास समितिले अघि सारेको सडक योजनालाई सरकारले १२ वर्षपछि अर्थात्



२०६९ सालमा हुम्ला सदरमुकामलाई सडक सञ्जालमा जोड्न कार्यालय स्थापना गरिएको थियो । हिल्सा-सिमकोट सडक आयोजना कार्यालय हुम्लामा स्थापना गरेर कर्णाली कोरिडोर नामाकरण गरी योजना अगाडी बढाइएको हो । झण्डै ११ वर्षपछि ३१ असार २०८० मा हुम्ला सदरमुकाम सिमकोटमा सडक सञ्जालमा जोडिएको छ । हुम्लाको लालिबगर-छहारे-लिप्चे सडकको कठिन छहारे भिर नेपाली सेनाले काटेपछि राष्ट्रिय सडकसँग सिमकोट जोडिएको कर्णाली कोरिडोर उत्तर खण्ड (हिल्सा-सिमिकोट) सडक योजनाले जनाएको छ । सेनाले औपचारिक रुपमा सडक निर्माण सकेर २९ मंसिर २०८१ मा योजना कार्यालयलाई हस्तान्तरण गरिसकेको छ ।

त्रिदेशीय जोड्ने हिल्सा जोड्ने सडकको शुरुवाती विन्द नेपाल-भारत सीमाना जमुनाह नाका हो । जमुनाह-हिल्सासम्मको कुल लम्बाई पाँच सय पाँच किलोमिटर छ । कालिकोटको खुलालु-बाजुराको पिलुचौर-सिमकोट हिल्सा चीन सीमासम्म सडकको दुरी दुई सय ६९ किलोमिटर हो । एक सय २३ किलोमिटर अहिले कर्णाली करीडोर दक्षिण खण्ड (खुलालु-सल्लिसल्ला) सडक योजना कोल्टी बाजुरा र सल्लीसल्ला-सिमकोट हिल्सा सडक एक सय ४६ किलोमिटर कर्णाली करीडोर उत्तर खण्ड (हिल्सा-सिमकोट-सल्लिसल्ला)

बाँकी ३ पेजमा

### चार पुल निर्माण गरिँदै, तीन पुलको डीपीआर

खुलालु सिमकोट सडक खण्डमा अहिले चार ओटा पुल निर्माणको क्रममा छन् । तागरु खोला, हेप्पा खोला, एंगर खोला र खार्पुनाथ नदीमा आरसीसी स्टिल व्रिजको प्रक्रिया थालिएको छ । मुख्यगरी खार्पुनाथ खोलामा पक्की पुल निर्माणपछि सिमकोट-सुर्खेत सिधा सवारी आवागमन हुनेछ । खार्पुनाथमा अहिले बेलिव्रिजको प्रक्रिया अघि बढाइएकाले लगत्तै आरसीसी स्टील ब्रिजको ठेक्का गर्ने तयारीमा रहेको कर्णाली कोरिडोर उत्तर खण्ड (हिल्सा-सिमकोट-सल्लिसल्ला) सडक योजना कार्यालय हुम्लाले जानकारी दिएको छ ।

बाजुराको बान्दु र पहिमा खोला र हुम्लाको मकै खोलामा नयाँ पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउन लागिएको कर्णाली कोरीडोर दक्षिण खण्ड (खुलालु-सल्लिसल्ला) सडक योजना कोल्टी बाजुराले जनाएको छ । आरसीसी पुल निर्माणका लागि यहीँ वर्ष कार्यालयले डिपिआर बनाउने तयारी गरेको इन्जिनियर धामी बताउँछन् । 'वर्षात्मा खोला बढेमा एक दुई दिन सवारी रोकिनुपर्ने अवस्था छ,' धामीले भने, 'दीर्घकालिन रुपमा सहज सवारी आवागनका लागि पुल निर्माणको आवश्यक प्रक्रिया अघि बढाउने तयारीमा छौं ।'

## लुम्बिनीका पत्रकारलाई पुँजीबजार सम्बन्धी प्रशिक्षण



**सरला सुवेदी**
**बाँके, २ फागुन ।**

नेपाल धितोपत्र बोर्डको आयोजनामा तथा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको सहकार्यमा लुम्बिनी प्रदेशका आर्थिक पत्रकारका लागि एक दिवसीय पुँजीबजार सम्बन्धी अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम भालुबाङमा सम्पन्न भएको छ ।

प्रदेशभरका पत्रकारहरूलाई पुँजीबजार सम्बन्धी रिपोर्टिङ गर्न सजिलो होस् भन्ने उद्देश्यले तालिमको आयोजना गरिएको नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष शुक्रऋषि चौलागाईंले जानकारी दिए । उनका अनुसार यो तालिमले आर्थिक विषयमा कलम चलाउने पत्रकारहरूलाई महत्त्वपूर्ण सहयोग पुर्‍याउनेछ। "पत्रकारहरूले आर्थिक विषयमा कलम चलाउन धेरै प्राविधिक कुराहरू सिक्नुपर्ने हुन्छ" चौलागाईंले भने, "सरकारले पत्रकारहरूको क्षमता तथा सीप विकासका लागि लगानी गर्नुपर्छ ।"

तालिममा पुँजीबजार, धितोपत्र बोर्ड, बजारको जोखिम पहिचान, वित्तीय साक्षरता, पुँजीबजार सम्बन्धी रिपोर्टिङ लगायतका विषयमा प्रशिक्षण प्रदान

बाँकी ३ पेजमा

## कार्यसम्पादन मूल्याङ्कनमा तातोपानी गाउँपालिका प्रथम

**युग संवाददाता**
**जुम्ला, १ फागुन ।**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादन मूल्याङ्कनअनुसार जुम्लाको तातोपानी गाउँपालिका उत्कृष्ट देखिएको छ। जिल्लाका आठ स्थानीय तहमध्ये तातोपानी गाउँपालिकाले ६७ दशमलव पाँच प्रतिशत अङ्क प्राप्त गरी पहिलो स्थानमा रहेको छ ।

हिमा गाउँपालिकाले ६१ दशमलव पाँच प्रतिशत अङ्क प्राप्त गरी दोस्रो, सिञ्जा गाउँपालिकाले ५८ दशमलव एक प्रतिशत, कनकासुन्दरीले ५६ दशमलव नौ प्रतिशत, पातारासी गाउँपालिकाले ५२ दशमलव छ प्रतिशत, गुठीचौर गाउँपालिकाले ४९ दशमलव सात प्रतिशत अङ्क पाएका छन् ।

त्यस्तै, चन्दननाथ नगरपालिकाले ५६ दशमलव आठ प्रतिशत, सुनछहरी गाउँपालिकाले ४५ दशमलव आठ प्रतिशत र सबैभन्दा कमजोर तिला गाउँपालिकाले ३८ दशमलव दुई प्रतिशत अङ्क प्राप्त गरेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ। आर्थिक वर्षको राजस्व र आयव्ययको अनुमान समयमा गाउँसभामा पेस गरे/नगरेकोदेखि समयमा बजेट पास भए/नभएको, स्थानीय तहले प्रदेश तथा सङ्घमा पठाउनुपर्ने राजस्व समयमा नपठाएको, शिक्षा, स्वास्थ्य, राजस्व तथा विद्यार्थी भर्ना, चालु तथा पुँजीगत खर्चसम्मका विभिन्न १७ वटा सूचकाङ्कमा मूल्याङ्कन हुने गर्छ।

"सुशासन, समन्वय, पूर्वाधार, न्यायिक कुरा पनि हुन्छन्", तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईं भने, "शिक्षा, स्वास्थ्य, कर्मचारी जनप्रतिनिधिका तालिमका कुरा पनि हुन्छ। नीति, नियम, कानुनबमोजिम काम भए/भएको, बेजुका कुरा छन् त्यसलाई न्यूनीकरण गर्नुपर्छ ।" गाउँपालिकाले शिक्षामा लगानी गरेको छ, स्वास्थ्यमा त्यहीअनुसारकै लगानी गरिरहेका छौं । शिक्षा, स्वास्थ्यसँगै भौतिक पूर्वाधारमा पनि पालिकाले नमूना काम गरेको तातोपानी गाउँपालिका अध्यक्ष चौलागाईंले बताए ।

वित्त आयोगले आव २०८०/८१ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनका लागि कार्यसम्पादन सूचकाङ्कका आधारमा सबै तहका सरकारको कार्यसम्पादन मूल्याङ्कन गरेको हो ।






कथा :

# जनवादी विवाह



पृथ्वी बहादुर सिंह

लिलाराम सेरी गाँउको मा.वी. बाट ए.एस.सी. परिक्षा पास गरेर उच्च शिक्षा अध्ययन गर्न काठमाण्डौ जान आमा वीना लाई अडडी्कस्न थालेको थियो। लिलाराम को बुवा काशीरामको उ १० वर्ष ५ कक्षा पढ्दै गर्दा अचानक मुटु स्वर्ग आरोहण भएको थियो । लिलाराम सेरी गाँउ मुखीयाको छोरो हो । निर्दलिय पंचायती कालमा जग्गा सर्भेनापी भएपछि मुखीया जिमुवालले उठाउने जग्गा कर जिल्ला मालपोतले उठाउन थालेपछि गाँउलेहरु मुखीया जिमुवाल परिवारको खेतीपाती सरसहयोग गर्न मात्र छोडेनन् तिरो उठाए बाफत पाउने कर सुभिधा छुटिसकेको थियो । महाभारत प्रर्वत श्रृखलामा बसेको सेरी गाँउको मुखीया लिलारामको निम्न मध्यम परिवार आफै खेति पाती गर्ने लागेको थियो ।

सेरी गाँउका टिके राजा खलगको राजा श्री ३ र श्री ५ शाह खलगसंगको वैवाहिक सम्वन्धले शाही सेनाको उच्च पद,राष्ठिय पंचायतको सदस्य हुन राज्यका अनेक श्रोत साधन लगाएर विजय भई माननीय मन्त्री हुन पुगेका थिए। सेरी गाँउबाट बस्ती सरेर राजधानी काठमाण्डौ समेतमा बिशाल भवन बनाएर शाक सैकत संग बसेका थिए । लिलाराम संगै एस.एल.सी.पास गरेका शाही खलगका उच्च शिक्षा हासील गर्न काठमाणडौ गैसकेका थिए । एस.एल.सी. पास गरेको एक वर्ष भै सक्दा पनि लिलाराम सेरीगाँउको खेतीपाती गर्नु केटी जिस्काउनेमा समय बितेको थियो। टेके राजाहरुको छोरा उ संगै एस.एल.सी. पास गरेका राजेन्द्रे,दिपके मिन पचास को विदामा सेरीगाँउ आएर लिलारामलाई त कहिले काठमाण्डौ पढ्न आउने होस भनि जिस्काउने गर्थे। लिलाराम भने हरेक दिन आमालाई मलाई ऋणदाम गरेर भएपनि उच्च शिक्षा पढाउन काठमाणडै पठाऊ भनि कच् कच् गरिरहन्थो ।

एक दिन आमाले लिलारामलाई भनिन् "हेर बाबु मेरो विवाहमा तेरा बुवाले कानमा लगाउने पाँच तोला चेप्टे सुन,तिन तोलाको सुनको तिरहरी,दश तोलाका खुट्टामा लगाउने कल्ली पैराइ दिएका हुन। लैनो भैसी बेचेर राखेको पाँच हजार बुढाले सानो भड्डुमा राखेका पाँच सय दोबिटे चाँदीका लाढ कम्पनी रुपैंया सबै एकएक गरि दिदै भनिन् "यहि हो तोरो बुवाको सम्पति काठमाण्डौ क्याम्पसमा कति सम्म पढन पुग्छ पढ् भनि दिइन । वर्षा सकिए पछि दशै तिहार टीका लगाई लिलाराम आमाले दिएका गर्गहना रुपैयाको पोको झोलामा राखेर चारदिन पैदल हिडी भालुवाङ पुगि रात्री बसमा चढेर विहान काठमाण्डौ सहर पुग्यो। टीके राजा माननिएको घर अनामनगर घरजान नगर बसमा गएर त्यो रात त्यही बस्यो । टेके राजा र माननिएका छोराहरु महङ्गा इर्नजिनिएर र साईन्स क्याम्पसमा एकवर्ष पहिले अध्ययन गर्न थालेका थिए । उनीहरु संगै तिनै क्यामपसमा पढने लिलारामको रहर थियो । क्यामपस भर्ना मासिक फि बागबजार अनामनगर तिर बहंगो कोठा भाडा लिएर बस्ने हो भने आमाले दिएको धनमालले दुइ वर्ष पनि नपुग्ने हिसाब गऱ्यो । भेलीपल्ट सस्तो क्यामपस खोज्दै संङकर देव क्यामपसमा गएर भर्ना भयो । कोठा डेरा सस्तो खोज्दै किर्तिपुर कोठा लिएर पढन थाल्यो ।

निर्दलिय पंचायती व्यवस्थाले वहुदलिय सबै पार्टीमाथी प्रतीबन्ध लगाएको थियो । ती पार्टीहरुको भूमीगत कर्मथलो क्याम्पसका विद्यार्थी र शिक्षक बनाई रहेका थिए। लिलाराम क्यामपस भर्ना भएको एक महिनमा नै राम बहादुर काम्रेट नामको कम्युनिष्ट कार्यकर्ता बाट संगठित हुन पुगेका थिए। त्यो समयमा छोटे राजा महापंन्चका छोराहरु मण्डले,ब्यापारी,जिमीदारका छोराहरु ने.वी.संघ,निम्न मध्यम र निम्न परिवारका छोराहरु बामपन्थी बिभिन्न घटकहरुको साझा अनेरास्वेवियु नामको विधार्थी संगठनमा संगठीत हुने क्यामपसहरुमा अनेकौं राजनितक बिवादमा झडप हुने क्रम चलिरहन्थो ।

उता आफनै सेरिगाँउका टिके दरवारीया छोराहरुका रवाव् सानसैकात हेरेर लिलारामको मनमा आगो बलिरहन्थो । वामपन्थी पार्टीहरुले मार्शले लेलिनन् माउत्सेतुङले कृषक र सर्वहाराको साथ लिएर शसस्त्र क्रान्तिगरी सामान्त र पुर्जीपतिलाई परास्त गरी विभिन्न मुलुकमा समाजवादी राज्य स्थापना गरेका देशका जनताहरु शुखी भएको राम बहादुरहरुले पक्षिक्षण दिदा-लिदा कुनबेला पार्टीले शसस्त्र विदोहको घोषण गरी बन्दुक उटाएर निरन्कुस सामान्तबाद दरवारीयाहरु सखाप बनाउला भनि कल्पना गरिरहन्यो । कक्षाको अध्ययन भन्दा मार्सवाद लेलिनवाद शसस्त्र माओवादी जनयुद्धक्रान्ती गरेर देशका नेपाली अनुवाद पुस्तकहरु र वाम पन्थि पार्टीका दस्ताबेजहरु बढीनै अध्ययन गर्न थालेको थिए।

घरबाट अध्ययनको लागी लिएको सुनधन तिन वर्षमा सकिन थाली सकेकोले कहिले काँही क्यामपसको कक्षामा उपस्थित हुने बढी देशभरका बिभिन्न क्यामपस विद्यालयमा जाने विधार्थी संगठनको होल टाइमर हुन थालेको थिए। छोटै समयमा लिलाराम वामपन्थी मोर्चाको विधार्थी संगठनको केन्द्रीय नेता बन्न पुग्य । संगठनमा बढी समय लगाएकोले राजनितिक शास्त्रमा पनि राजनितिक सेटिङ मीलाएर बल्लतल्ल बि.ए. तेस्रो डिबिजनमा पास गर्न पुगेको थिए।

२०४६ फाल्गुण ७ गते संयुक्त जनआन्दोलन बामपन्थी पार्टीहरु दक्षिण पन्थी पार्टीहरु एक भएर राजधानी बाट संयूक्त जनआन्दोलन शुरु भएर देशभर फैलियो । तर उनि संगठन भएको वामपार्टिले पार्टीले शंयूक्त जनआन्दोलन धोका हो भनि सहभागी भएन। एक दलिए पंचायती व्यवस्था बिगठन गरि वहुदलिय प्रजातन्त्रिक व्यवस्था भित्र संसदिय राजतन्त्र रहने गरी तत्कालीन राजा श्री ५ विरेन्द्रले पार्टीमाथिको प्रतिवन्ध हटाएको घोषणा गरे । सेरीगाँउका लिलाराम संगैका प्रा.वि. मा.वि. तहमा अध्यन गरेका संगै अध्ययन गरेका टिके दरवारीए साथी गोपाले, राजेन्द्रे बिबेकेहरु सामान्तको दरबारबाट मन्डले संङगठन छोडेर ठुलो चन्दाको थैलो दिएर नेपाली कांग्रेस पार्टिमा प्रवेश गरे। २०४८ सालको प्रथम वहुलीय संसदिय निवार्चनमा संसदको टिकट लिएर गोपालेहरु संसदमा विजय हुन उहि निरङकुस सामन्तवाद दरवारीयहरुले प्रयोग गरेका राज्यका अंङ्गहरुको प्रयोग गरेर गोपालेहरु नै विजय भए। वाममोर्चा पार्टीका उम्मेदवारले सेरीगाँउ देखि देशका विभिन्न क्षेत्रमा संसदको उम्मेदवारी दिदा लिलाराम आफ्ना उम्दावारको विजय गराउन सबै क्षेत्रमा उपायोग ंगरी जनमोर्चालाई मतमागी वीजयी बनाउन दैडधुपको निकै कसरत गरेपनि नौ सिट मात्र मा संसद विजयी बनाएर संसदमा उपस्थीत भए। नेपाली कांग्रेस पार्टीले एक माना सरकार बनायो । त्यो बेलाका मध्य र गण्डकी अंचलका माहाभारत श्रृंङखलाका क्षेत्र बाट विजयी बनाउन जनमोर्चा मतदीने मतदातालाई सार्बजानिक मुद्दा लगाएर सयौं ले तारीख बोक्न बाध्य बनाइयो ।

निवाचनको दुई वर्ष न वित्दै नेपाली कांग्रेस पार्टी मित्र सप्ताको कोतपर्वको लढाई सुरु भएर पार्टीको संसदीय मोर्चामा बहुमत प्राप्त नहुँदा तत्कालीन प्रधानमन्त्री ले माध्याबदी निर्बाचनको घोषणा गरे । मध्यावधी निर्वाचनमा जानु पहिले जनमोचा नेपालले तस्कालीन सरकार प्रमुख संग ४५ वटा माग राखी संम्विधान संसोधन गर नत्रभने जनमोर्चा पार्टीले शसस्त्र युद्ध गर्न जंगल पस्न भनि माग पत्र बुझाए। बिरोधको पत्र सुनाई नै नगरी नेपाली कांग्रेस र अन्य बामपन्थि र दक्षिणपन्थि संसदिय निर्वाचनमा होमीए । जनमोचा भने निर्वाचन बहीसकार गरी २०५२ फाल्गुण २ गते राज्य पक्षसंग लामो जनयुद्वको घोसणा गरी माओवादी पार्टी नामकरण गरी बन्दुक उटाएर जंगल पसे । लिलाराम पनि विद्यार्थी नेतृत्ववर नै पार्टी केन्द्रीय नेतृत्वमा स्थापित भएर भुमिगत भए भुमिगतमा नै विवाह गरे ।

सेरीगाँउमा खेतीपाती गरि बसेकी आमा विना अब छोरालाई राज्यपक्ष ले कहिले मार्न हो भने चिन्ताले चाहुरीएर निमोनिया बाट उपचार नपाएर निधन भयो। राज्यले लिलारामको नाममा प्रकाउ गर्ने वारेन्ट जारी गरेको थियो। आमाको मृत्युमा सेरीगाँउमा दाससंकारमा सहभागी हुन पाएनन् । युगौयुग देखि तेह दिनको क्रिया बस्ने बैतड्नी लगाउने शुद्ध हुने सबै क्रिया नगरी भैतिकवादी जनबादमा आधारित जंगल बिचको क्याम्पमा श्रदान्जली गरे। जनयुद्वका १० वर्षमा समाजवादको सपना देखाएर किसान मजदुर सर्वहारा भुईमान्छेको साथ लिएर राज्य व्यवस्ता गर्ने उदेश्य राखी नेपालको पश्चिम कमान लिलारामले सेरीगाँउका टिके राजाहरुका दरवार भत्काई धर्म अफिमको नसा हो सवा लाख वत्ती जालाउने भनी सत्य न्यारायण पुराण पुजा बसेका विवाह गराउन लागेको प्रोहितलाई भौतिक आर्थिक कारवाही गरे। ठुलो विवाह गर्ने, बावुआमा आफन्तजनको क्रिया श्राद गर्नेलाई भौतिक आर्थिक कावही गरियो । हिन्दु शास्त्रमा वरवधु एक आपसमा माला लगाएर गरिने स्वयम्वर विवाह जनवादी भनि गर्न लगाइयो। देवदेवीका मन्दिर भत्काउने गरे मुर्ति फुटाउने मानविय जन्म मारन प्राकृतिक नियम हो भनि भौतिकवादी प्रशिक्षिण गरे निर्वाचन नेतृत्व गै जनकरमा भष्ट्रचार ठहर गरी गा.वि.स अध्यक्ष विजुली प्रसादहरु लाई भौतिक कार्वाही गर्न लगाई भेरी कर्णाली रंग्याए । हिन्दुमा जात सानो ठुलो बनाउने धर्म नै विभेदकारी भनि पार्टी भित्र तलमाथी जातमा पनि जनवादी विवाह समेत गर्न लगाई कसैले पनि जातभातको नाममा मन्दिर जान भित्र रोक्न पाइदैन् रोक्नेहरु लाई भौतिक आर्थिक कार्वाही गरी नदी रङ्गाए को यस्ता घटना परि घटना लिलाराम सदरमुकाम पुग्दा कार्वाही आदेश आयो भन्दा पश्चिम नेपालका वस्तीहरु थरथर काम्न थालेको थिए। समाजवाद सर्वहारा मान्छे अब सफल हुदै छ , शाही सेना क्याम्पमा रुवावासी चलिरहेको थियो। यहि समयमा संसदीए राजतन्त्रमा बसेका राजा विरेन्द्रको सपरिवार नाराहिटी राजदरवारमा षडयन्त्र मुलक हत्या भयो । वंशको नाताले विधीवत श्री ५ राजा हुन ज्ञानेन्द्र आए । उनले संसदवादी माओवादी आम्नेसाम्ने वन्दुक उठाएर वारपारको लडाई रहेको अवस्थामा राजा हुने वितीक्कै पुनःसंकटकाल लगाएर राष्ट्रका नाममा सम्वोधन भने जन निर्वाचित सरकारको खारिजी गरी केहि समयका लागि त्यो कार्यकारी अधिकार आफै लिई वक्सेका छौं र संसदीए पार्टीका केहि नेतृत्वलाई जेल हिरासतमा राखी संकटकाल धोषणा गरि वक्सेका छौं भनि घोषणा गरे ।

एउटै शाही सेनाको वन्दुकले संसदवादी र शसस्त्र मोओवादी आम्नेसाम्ने वन्दुक उठाएकालाई तह लगाउने खोजेपछि लिलारामहरु संसदवादीहरुसंग दिल्ली शाछी राखी १२ वुदे शान्ती सम्झौता गरी संयूक्त जनआन्दोलन दोस्रो गर्न निरुन्कुश बनेका ज्ञानेन्द्रलाई तल फाल्न नेपालका शाहर बजार राजधानीमा उत्रिए । लिलाराम पनि सेरी गाँउ आन्दोलन गर्न पुगेका थिए । उन्नीस दिने संयूक्त दोस्रो जनआन्दोलन सामु घुडा टेक्दै ज्ञानेन्द्रले भने जनताको नाँसो जनतालाई फर्काए । लिलाराम भने प्रजातन्त्र पुनःवहाली पछि २०६४ साल देखि २०७९ साल सम्म पटक पटक सेरीगाँउ माओवादी बाट संम्वीधान सभा सदस्य संसद सदस्य जन निर्वाचित भएर लोकतान्त्रिक गणतन्त्रको केन्द्रिय संसदभै विभिन्न महत्वपूर्ण मन्त्रालय नेपाल सरकारको समाली सकेका थिए। यस पटक भने छोरा कृष्णा को विवाह हिन्दु प्रोहित पूर्वका कुमाहीकी सुपुत्री सावित्री संग सेरीगाँउ शहिद पार्क विभिन्न ध्वजा पताकाहरुले सजाइएको छ । ८४ वेन्जन खाना बनाउने कुक,वइटर र खाने सामाग्री मधेशका मनकामना कटेर्स र सामदल साहुलाई ठेक्कामा ल्याइएको छ। वसन्त कृतु हुदा जाडो साकिएर तातो लाग्न थाले छ । दक्षिनणमा सानो भेरी निलो चोली लगाएर हामफल्दै ठुलो भेरी भेटाउन दगुरी रहेकी थिइन। पश्चिम मुसीले मसी दरवारकोट,को छेउवाट टाउको उचाल्दै हेरिरहेकी ,माथि जन्तेलेक शाही कुमारी आफ्नो मन्दिरमा उभिएर यो विवाह हेरीरहेकी थिइन । सेरीगाँउ वरिपरि रातै लालीगुराँस सिमल काइरालो फूल फुली रहेका छन। कोहिली कुहुकुहु गरी वनभरि वासी रहेको थिए । बार बजे मध्यान्न सुर्यले तातो किरण दिइरहेका थिए। शहिद पार्क वरिपरि हँसीमा हथौडा झण्डा फरफराई रहेका थिए । पार्क भित्र जनयुद्वमा शहीद भएका यूवा यूवती वन्दुक समाएर यो जनावादी विवाह हेर्ने उल्साह भै उभिएका थिए। शहीद पार्कको गेटमा विवाह आउने पाहुसनाको स्वागतमा लिलाराम उभिएर स्वागत गदै न्यानो हात मिलाई रहेका थिए।

आम्ने साम्ने शसस्त्र यूद्धमा वन्दुक समाएर उभिएका दिपक पूर्व.वि.वि.सी संम्वाददाता के.सि. कर्णाली प्रदेश पूर्व मन्त्री,वर्तमान संसद,जिल्ला स्तरका कार्यलयका हाकिम समेतको उपस्थिती थियो । दशौहजार विवाहमा आएका पाहुनाहरुले प्रशोधितत मदिरा सहित बफेसिस्टम बाट सभाहलमा दुई बजे सम्म खाना खाएर तिन बजे सकीएको थियो। हलको एकातिर सिंगारिएको मञ्चमा विभिन्न गीत संगीतमा यूवायूवती नाँचीरहेका थिए। महिला पुरुष अलग अलग बाजा बजाई रहेका थिए । त्यहि हलको स्टेज बाट लिलाराम आफ्नो छोरा कृष्ण बुहारी सावित्रा टिका सयपत्री माला लगाई जनवादी विवाह सम्पन्न भएको छ भनि सम्वोधन गरेका थिए। सिगारिएको मन्त्रमा

पहिले लिलाराम दुवैजना र छोरा वुहारी वरवधु संग विशेष जनहरुले पनि वरवध‌ु संग मोवाइलमा भाइरल हुन उभिए । त्यो कार्यक्रम सकिएपछि दुवै छोरा वुहारी लिलारामका दुवैजना शहिद शालीक पार्क बाहिर आएर सलाम चढाएर संगै मोवाइलमा सजीए ति शहीदका शालीकले यो जनवादी विवाह देखि खुशी भए भएनन् भूईमान्छेहरुले मुल्याङकन गर्लान । त्यही शहिद पार्कमा पन्चेवाजा विभिन्न लोक निर्त्य धुमधाम चलिरहेको थियो मुसीकोट न.पा ५ सेरि गाँउका काली ब. के.सी. ७९ गोपी चन्द यो जनवादी विवाह रमझम हेरी भनीरहेका थिए हामी दुई लिलाराम यहि गाँउमा कृषक परिवार हौ । हामीलाई एउटा टालो लगाउन,एक गाँस खाना धौ धौ छ। भूईमान्छे सबै वरावर गराउछौ त्यो व्यवस्था ल्याउछौ भनि दश वर्ष शसस्त्र द्धन्द मच्चाएर राजनितीको धुरीमा पुगेकाले यसरी अतिरिक्त सम्पती कमाएर यस्तो धुमधामको जनवादी विवाह गर्दा रहेछन् । हिजो निरन्कुश सामान्तहरुले जनता करलुटेर यस्तै विवाह भोज मस्ती गर्थे। आखीर ति सामान्त दरवारियहरु र यि जनयुद्धलडी आएका घरवारियाहरुमका के फरक रहयो भनी गुनासो गर्दै आफ्नो घरतिर लठ्ठी टेक्दै गएका थिए।

## सिम्ताली हिउपा गीत



सरस्वती सिंह

सिम्ताली हिउपाले सवैलाई
नमस्कार गरले। (२)
यो मेरी हिउपाले ढल्की ढल्की
नाँचले (२)

यो मेरी हिउपाले सिङ्गार पटार
गरले (२)
यो मेरी हिउपाले मेलकुना मेला
हेर्न जाले (२)

यो मेरी उिपाले मेलामा ढल्की
ढल्की नाँचले (२)
यो मेरी हिउपा भेरीले सिचाई गर
भनले (२)

कृषि पशुपालनले सम्पन हौ भनले
(२)
प्रदेशको श्रम यात्रा अन्तय गरी
यहि लगाउँ मनले (२)

शुशासन नैतिकता वसाल है मनले
यो मेरी हिउपाले ढल्की ढल्की
नाँचले (२)

पुल मात्र हैन अव शहर बसाल
भनले (२)
भारत चिन जोडने अब शहर
बसाल भनले (२)

भारत चिन जोडने भेरी करीडोर
छिटो वनाउ भनले (२)
सुनको कर्णालीलाई नुन खोज्छ
हटारु भनले

नब मेरी हिउपा कर्णालीमा ढल्की
ढल्की नाँचले (२)
यो मेरी हिउँपा सवैलाई नमस्कार
गरले (२)
यो मेरी हिउँपा ढल्की ढल्की
नाँचले (२)

## खेलकुदले...

रक्षाका निमित्त आगामी आर्थिक वर्षदेखि लागू हुनेगरी कर्णालीका सबै खेलाडीहरूको बीमा प्रदेश सरकारले गरिदिने प्रतिवद्धतासमेत मन्त्री मण्डारीले जनाए। साथै, दशौं राष्ट्रिय खेलकुद आयोजनाका लागि आवश्यक बजेट व्यवस्थापन गर्न खेलकुद मन्त्रालय र अर्थ मन्त्रालयबाट निर्णय भएको जानकारी गराउँदै मन्त्री भण्डारीले तोकिएकै मितिमा दशौं राष्ट्रिय खेलकुद आयोजना हुनेमा विश्वास व्यक्त गरे।

विश्व

## ट्रम्पद्वारा भारतलाई उच्चस्तरीय लडाकु जेट र व्यापार सम्झौता प्रस्ताव

वासिङ्टन, २ फागुन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतलाई अत्याधुनिक लडाकु जेटहरू बिक्री गर्ने प्रस्ताव गरेका छन्। साथै ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका धेरैजसो क्षेत्रमा नयाँ अमेरिकी प्रशासनको दण्डात्मक दृष्टिकोणलाई अस्वीकार गर्ने बन्धनलाई पुनर्जीवित गर्दै व्यापार बढाउने वाचा गरेका छन् ।

ट्रम्पको पुनरागमनपछि ह्वाइट हाउस भ्रमण गर्ने चौथो विश्व नेता मोदीले समान विचारधाराका ट्रम्पलाई मित्रका रूपमा वर्णन गर्दै उनको 'मेक अमेरिका ग्रेट अगेन' नारालाई अपनाइरहेको बताए। ट्रम्पले मोदी र भारतसँग 'विशेष सम्बन्ध' पाएको बताए । असामान्य, तर व्यंग्यात्मक विनम्रता प्रदर्शन गर्दै मोदीलाई आफूभन्दा 'धेरै कडा वार्ताकार' भएकामा प्रशंसा गरे ।

लगातारका अमेरिकी प्रशासनहरूले बढ्दो चीनको सन्दर्भमा भारतलाई समान विचारधारा भएको प्रमुख साझेदारका रूपमा हेरेका छन् र ट्रम्पले नयाँ प्रशासन अमेरिकी सैन्य पुरस्कारहरूमध्ये एफ-३५ लडाकु जेट बिक्री गर्न तयार रहेको घोषणा गरे । 'यस वर्षदेखि हामी भारतलाई सैन्य बिक्री धेरै अर्ब डलरले बढाउँदैछौँ,' ट्रम्पले मोदीसँगको संयुक्त पत्रकार सम्मेलनमा भने, 'हामी अन्ततः भारतलाई एफ-३५ स्टेल्थ लडाकु जेटहरू प्रदान गर्ने बाटो पनि खोल्दै छौँ ।'

भारत नाटो सहयोगी इजरायल र जापानसहितका विशिष्ट देशहरूको समूहमा सामेल हुनेछ, जसलाई सुपरसोनिक गतिमा पत्ता नलाग्ने गरी सञ्चालन गर्न सक्ने एफ-३५ किन्न अनुमति दिइनेछ। आफ्ना पूर्ववर्ती जो बाइडेनको प्रयासलाई निरन्तरता दिँदै ट्रम्पले दुई देशले बन्दरगाह, रेलमार्ग र पानीमुनिको केबलमा लगानी गरेर 'सम्पूर्ण इतिहासकै सबैभन्दा महान् व्यापार मार्गहरूमध्ये एक' निर्माण गर्ने योजना बनाएको बताए। यो भारतदेखि इजरायल हुँदै युरोप र त्यसभन्दा पर चल्नेछ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ।

**वृष** — आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । जोशजाँगर बढ्नुका साथै समयले राम्रो साथ दिनेछ। आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ।

**मिथुन** — यात्रामा मालसामान हराउन सक्छ। कार्य सम्पादनमा समस्या आउला । साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला।

**कर्कट** — आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ।

**सिंह** — आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ बन्धुबान्धवबाट सहयोग मिल्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह रहला। रमाइलो यात्राको योग रहेको छ।

**कन्या** — आज आँटेको र ताकेको कार्य पुरा होला । मनमा शान्ति र अनुहारमा कान्ति छाउला । लाभदायक र सुखद् यात्रा हुने योग पनि छ।

**तुला** — आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। घर परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ । रमणीय र सुखद यात्राको योग पनि छ।

**वृश्चिक** — आज मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ। पेसा र व्यवसायबाट लाभ हुनेछ। कसैकसैका लागि सन्तान प्राप्ति र प्रसन्नता छाउनेछ।

**धनु** — आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। रमणीय, सुखद् र धार्मिक यात्राको योग छ।

**मकर** — आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा पनि सफलता मिल्नेछ।

**कुम्भ** — आज मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला।

**मीन** — विद्या र बुद्धिको विकास हुनेछ। पारिवारिक भेटघाटमा रमाइन्छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ।

कविता

# एक रस्ता



✍ **विमल हमाल**
'युरेनस'

उखेलिएको जोवनको रौनकमा
निला, खिल भित्र डामिएको
तन,
खुनका डोपहरुमा
रङ्गिएर र चिरीएका कुर्कुचा
बुर्कसी मार्दा ,आघात बनेर

रस्तामा रेखा कोरेर
एउटा कथा बनिरहेछ ।

शुन्य आकासको
जाजल्यमान तारा भन्नेको
एक्लो भिडमा रमाउने
कहाँ हराए,
तन भरी तेते घसेर
शब्दका वाणहरु पोख्ने
एक भारी सपनाको
कालो रस्तामा
उनको रेखा
झुन्ड, झुन्डमा कोरेर
अघोरी रुपमा मोलाउछन ।

विपनीको कथामा
कतै,
गिट्टी कुट्ने दिदी देखाउछ ।
उनी त, मार्गको मानङ्ककमा
गुडीया बनेर,
लुटपाटको दम्भ रेखा तान्छ,
एक अतुल
भविश्य रुपी सन्धीमा
एक रस्ता तान्छ ।
पोखीरहेको भारो जीन्दगी
सम्झेर ,आमाको थुनमा,
विगौती चुसेको शिसु झै बनेर,
उजाड कालो रस्तामा सिमीत
रहन्छ ।

कविता

# क्षितिज



✍ **निशेष आङदेम्बे**

म जन्मेको चौथो दिन बिहान
मेरो शिर उठाइयो होला
नाम दिइयो होला
बढ्दै जाँदा म
मेरी आमाभन्दा राम्री कोही
थिएन
मेरा बाभन्दा जान्ने कोही
थिएनन्
यो नै ध्रुव सत्य थियो
यो नै सत्य थियो

बाको टुप्पी च्याप्प समातेर
काँधमा घोडा चढ्दा

लाग्थ्यो, बाभन्दा बलवान
कोही छैनन्
यो नै सत्य हो

यात्रामा सँगैका यात्रीहरूलाई
विश्वविद्यालयका
दौतरीहरूलाई
उछिनेर अघि बढ्दा
सफल भएको म, गन्तव्य
पुगेको म

चेप्टो देखिने पृथ्वी
एरिस्टोटल र प्लेटोले गोलो
बनाएपछि
त्यही सत्य भएको थियो
आइज्याक न्युटन आएर
गोलोबाट सुन्तला आकारको
बनाए
त्यसयता अन्य सत्यहरूको
खोजीमा
निस्किएको छु म

सूर्यमुखी फूलझैँ
कलकलाउँदो यौवन
मरिचजस्तो भएको छ
चाउरिएर
अहिले त मेरी आमा पनि
थला परेकी छन्
बाले धेरै कुरा जान्दैनन् जस्तो
लाग्छ
यतिका लामो यात्रापछि मैले
टेकेको क्षितिजले
अर्को क्षितिज देखाइदिएको
छ, उ... पर...

मेरा खुट्टाहरू थकिसकेका छन्
यो सत्यको खोजीको यात्रामा
शायद अब म खोलाको
पानीमा बग्नेछु
पानीको बगाइ जसरी
समयको यात्राजस्तै
यो सत्य र ध्रुव सत्यहरू त
परिवर्तन भइरहने रहेछन् ।

कथा :

# बूढो बाघ



✍ **उपासना बराल**

'हजुर ..उठिबक्सियोस् हजुर!' ऊ फेरि आएछ । बलैले टाउको उठाएर पुलुक्क हेरेँ । उस्तै मलीन अनुहार पुर्लुक्कै आँशु झारुँला झैँ गरी ढोकाको आडमै उभिएको थियो । म बिस्तारै उठेर उसको नजिक गएँ ।

'के भन्न आइस् ?'

'हजुर दुलही साहेबलाई बाघ दरबारबाट लतार्दै लगेर गए ।' उसले बोलीमा मिसाएर दुई थोपा आँशु तपक्क चुहायो । 'कहाँ लगे ?' मैले सहज हुने प्रयास गर्दै सोधेँ ।

'हजुर अब झ्यालखानमा हाल्ने रे ?' उसले दुबै हत्केलाले मुख छोपेर घुँक्कघुँक्क गर्‍यो । मेरो मुटुमा पनि कोलाहल मच्चिएको थियो ।

'मेरो रीस किन उसमाथि पोखेछन् ?'

'हजुर दुलही साहेबले रानीलाई तथानाम भनिबक्स्यो भन्ने आरोप लगाएका रहेछन् ।'

त्यस अघिका उसका कुरा सुन्न सक्छु जस्तो लागेन । म सुस्तरी फर्किएर आएँ र कोठाको एक कुनामा थचक्क बसेँ ।

'सायद मेरो तीन दशकभन्दा लामो राष्ट्रसेवाको फल यही हो ।'

ऊ एक छिन त्यहीँ अडिएर मलाई टुलुटुलु हेरिरहेको थियो । मैले आँखाको इशाराले 'जा' भन्ने सङ्केत गरेँ । ऊ गह्रौँ पाइलाले फर्कियो ।

छातीमा आगो पस्यो कि कुन्नि, भतभत पोल्न थाल्यो । छेउको मट्काबाट पानी सारेर पिउँछु भनेको पानी नै निथ्रिएको रहेछ । रहलपहल दुईचार थोपाले जिब्रो भिजाएँ ।

जीवनभर सेवा गरेको राजगद्दीले आज मेरो यो हाल गरायो ।

व्रतबन्धका लागि रणबहादुर पीपलथोक नआएका भए मेरो उनीसित मित्रता हुने थिएन । न त उनले मलाई उनको हजुरिया नै बनाउँथे । लेखान्तमा यस्तो भोग्नुरहेछ र !

लामो निस्वास फालेर उठेँ । एकछिन उभिएँ । रित्तो, अँध्यारो र चिसो कोठा यसैमा कैद भएको पनि निकै दिन बितिसके । आरोप पनि कस्तो ..?!

मैले देवेन्द्रलाई विष खुवाएर मारेँ रे ?

छि : सुन्दै घिन लाग्दो । मैले दुबै हत्केलाले कान थुनेँ । अब यस्ता निच कुरा सुन्नु छैन मलाई ।

त्यो थाङ्ने बच्चो मारेर मलाई के हुनु छ ? किन बुझ्दैनन् राजा ?

चाहेको भए उहिल्यै उनका हजुरबालाई शेरबहादुरले सिध्याएका बेला म राजगद्दी हत्याउन सक्थेँ । राजा बन्न सक्थेँ म यो देशको । ३१ वर्षसम्म देशको बागडोर मेरो हातमा थियो । मैले बालक गीर्वाणको रक्षा गरेँ । राजगद्दीमा बसालेँ ।

आज यो उमेरमा आएर छ महीने बालखलाई विष खुवाएको आरोप ?

हे भगवान् ! कसरी सहूँ ?

मेरो आक्रोश यही चिसो कोठामा सीमित भएर रह्यो । बलैले आवाज निकालेर चिच्याएँ, 'पाण्डे खलकको मलाई सिध्याउने चाल हो यो किन बुझ्दैनन् राजा ?'

उहिल्यै रणबहादुर स्वामी महाराज भएर वाराणसी लागे । मलाई पनि साथै लिएर गए । म उनको प्रिय जो थिएँ । वाराणसी बस्दा मैले अङ्ग्रेजको गिद्दे दृष्टि हाम्रो देशमाथि छ भन्ने चालपाइसकेको थिएँ । कान्तिवतीको वियोगले वैरागिएका राजाको मनमा फेरि राष्ट्रप्रेम मैले नै रोपेको थिएँ । दरबारले बडामहाराजको नीति विरुद्ध अङ्ग्रेजसँग वाणिज्य सन्धी गर्‍यो भन्ने थाहा पाएपछि कसरी बस्न सक्थेँ म । राजालाई मनाएर देश फर्काएँ । हामीलाई बाटोमै रोकन आएका दामोदर पाण्डे मारिए । मारिनु नै थियो, राष्ट्रका हित विपरीत षड्यन्त्र गर्नेले ।

म जीवभर उचाइमा थिएँ । एकपटक हुङ्कार गरूँ झैँ लाग्यो ।

बाघ पो थिएँ म । पापीहरूले छल गरेर पिँजरामा हाले । यहाँबाट बाहिर निस्कन पाए पापी षड्यन्त्रकारीहरूको पत्तासाफ गर्ने थिएँ । के गरूँ चारैतिरका पर्खालले मलाई घेरेका छन् । कैद गरेका छन् मेरो स्वास र न्याकिरहेका छन् मेरो निस्वार्थ राष्ट्रप्रेमको घाँटी ।

मेरो इतिहास अनगिन्ती विजयको छाया हो । तर आज ?

मलाई नै राष्ट्रघाती बन्दी बनाएर थुने षड्यन्त्रकारीहरूले ।

कसिलो मुट्ठी बनाएर भित्तामा बजारेँ । पर्खाल पनि डरायो सायद एकछिन थररर गरेर काँप्यो । म उद्वेलित भएर कोठाको चारै कुनामा फनफन घुमेँ ।

मेरो जीवनको अन्त्य यस्तो हुन सक्दैन । कदापि सक्दैन ।

'हजुर...!' फेरि अचानक उसको आवाज झस्काउन आइपुग्यो ।

'हुम्..।' अलिकति शान्त भएर ढोकातिर फर्किएँ । यसपालि अलि डराएको अनुहार लिएर आएको रहेछ ऊ ।

'के भन्न आइस् ?' म हुर्रिएर उसको नजिक पुगेँ ।

'हजुर रणजङ्ग पाण्डे आउनुभया छ ।' ऊ भित्ताले पनि सुन्छ कि झैँ गरी बोल्यो, सानो स्वरमा ।

'किन आएको त्यो ? के याँ तमासा लागेको छ ?' मेरो आक्रोस उसमाथि पोखिन्छ । ऊ डराएर, काँपेर, दुबै हात जोडेर निहुरिरहन्छ ।

म फर्कन्छु भित्तातिर । क्रोधाग्नि आँखामा धप्प बल्न थाल्छ । ऊ गयो । उसको असन्तुलित पदचाप बिलाउँदै गए र त्यसका पदचापको पुनःस्थापना रणजङ्ग पाण्डेका जुत्ताको ट्वाक ट्वाकसँगै भयो ।

अनुहारभरि विजयको मुस्कान पोतेर हिँडेको उसको राजसी तेवर र मेरो कैदी जीवन, बूढो मलीन अनुहार आमने सामने भए तर तिनीहरूले पटक्कै मेल खाएनन् । सायद मेरो तुच्छताको आभास भएर होला माखाहरू मेरै वरिपरि भुनभुनाइरहे ।

उसले एक नजर मेरो शरीरभरि हुत्यायो र अट्टाहासपूर्ण हाँस्यो ।

'बाघ...बूढो बाघ..!'

'यहाँबाट बाहिर निस्कन त दे ?' मैले दाह्रा किटेर भनेँ ।

'के बाहिर निस्कन्छौ ? निस्किसक्नु छ ? तिमीलाई भोलि गुहुको खाडलमा घाँटीसम्म डुबाएर गाड्छन् अनि तिम्री स्वास्नीलाई निर्वस्त्र बनाएर तिम्रै आँखा अघि शहर घुमाउँछन् । हेर्न सक्छौ ?' उसका आँखामा प्रतिशोध नाचिरहेको प्रस्ट देखिन्थ्यो ।

मेरो मुटु मुखमै आएझैँ भयो । शरीरमा कम्प छुट्यो ।

मैले शिरमा उठाएको मेरो गौरवको इतिहास यसरी धरासायी हुँदैछ ? हरे !

पुरुषको इज्जत उसकी स्वास्नीको प्रतिष्ठामा गाँसिएको हुन्छ । म कसरी हेर्न सक्छु आफ्नो प्रतिष्ठा त्यसरी निर्वस्त्र पारिएको ?

'भीमसेन..! यो तेरो अन्त्य हो । तेरो प्रतिष्ठाको अन्त्य ।'

रणजङ्ग अट्टाहास गरेर हाँस्यो । म फरक्क भित्तातिर फर्किएँ । ऊ गयो उस्तै ट्वाक ट्वाक जुत्ता बजार्दै । म रन्थनिएर भुइँमा थचारिएँ ।

अब यो देश पनि थचारिने छ यसैगरी ।

म आफ्नो जहान बचाऊँ कि यो देश ? म आफ्नो प्रतिष्ठाको रक्षा गरूँ कि महाराजले सुम्पिएको राष्ट्रको ? अब षड्यन्त्रकारीको हातमा परेर यसको कान्ति मलीन हुनेछ । अब मेरो देश पनि अन्धकारमा डुब्ने छ ।

'हे दैव ! कसरी सहूँ.. कसरी सहूँ ?'

म भुइँमा घोप्टो परेर पसारिएँ । सायद उसले भनेझैँ यो अन्त्य हो मेरो प्रतिष्ठाको ।

अन्त्य हो यो मेरो गौरवको ।

अन्धकारले बिस्तारै मेरो सम्पूर्ण शरीर स्पर्श गर्‍यो । मैले आँखा खोल्ने प्रयत्न गरेँ । आँखाका ढक्कन वरिपरि एकनासले मडारिएको थियो अन्धकार .. अन्धकार .. घोर अन्धकार ‼

## लुम्बिनीका...

गरिएको महासंघ लुम्बिनी प्रदेशका महासचिव पाण्डवप्रसाद शर्माले बताए । उनका अनुसार मोफसलमा विधागत पत्रकारिता विकास गर्नु चुनौतीपूर्ण भए पनि यस किसिमका तालिमहरूले पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । "आगामी दिनमा प्रदेशका १२ ओटै जिल्लामा पुगेर पत्रकारहरूलाई तालिम प्रदान गर्ने हाम्रो योजना छ'' महासचिव शर्माले भने ।

तालिमका प्रशिक्षकहरूमा नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका सहायक प्रवन्धक मुराहरी पराजुली, नेपाल धितोपत्र बोर्डका सहायक निर्देशक अजय ढुंगाना, तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडका सहायक प्रवन्धक सुरज कार्की रहेका थिए ।

महासंघका सचिव गोविन्दप्रसाद शर्माका अनुसार राजधानीमा पुँजीबजार सम्बन्धी विभिन्न तालिम तथा प्रशिक्षणहरू सञ्चालन भए पनि प्रदेशस्तरमा यसप्रकारको कार्यक्रम पहिलो पटक भएको हो ।

"प्रदेशस्तरमा पहिलोपटक यस्तो तालिम सञ्चालन भएको छ, अब आगामी दिनमा अझ प्रभावकारी ढंगले विस्तार गरिनेछ'' उनले बताए । प्रदेशका पत्रकारहरूलाई आर्थिक पत्रकारितामा दक्ष बनाउन गरिएको यो पहल स्थानीय तहदेखि राष्ट्रिय मिडियासम्म प्रभावकारी आर्थिक रिपोर्टिङलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेर गरिएको आयोजकको भनाइ छ ।

कविता

# यस्तै रै छ परदेशीको जिन्दगी



✍ **रामशरण गैरे**

यस्तै रै छ परदेशीको, जिन्दगी
भन्नु नै
जाती रैछ स्वदेशमा, भिरपाखा
खन्नु नै

दुःख पीडामा छटपटिएर, पनि
बाँच्नै पर्ने
बाहिर हाँसे पनि भित्र, छ
चुपचाप रुनु नै

न खोजे, न सोचे जस्तो, भयो
जिन्दगी
पर्ने रैछ हर चोटहरू, चुपचाप
सहनु नै

जिन्दगी रहेसम्म, दुःखसँग
लड्नै पर्छ

रैछ आखिर सबै, नियतिको
दास बन्नु नै

सोच्थे जीवन वसन्तमा, फुल्ने
फूल बन्छ
पर्ने रैछ बाँचुञ्जेल, दुःखका
दिन गन्नु नै

नसकिने रैछ जिन्दगीको,
परिभाषा फेर्न
नियमै रैछ काँडा बनी,
बिझाइरहनु नै ।

कविता

# रङरोगन फेर्दाफेर्दै



✍ **ओम आचार्य**

कन्याको भारी जीउ
हाम्रो सरकार
कुन्तीले आह्वान गरेर
सूर्यपुत्र कर्ण जन्माउने
जस्ती कुमारी कन्या परिनन्
यो कस्को

समागम हो
यो भारी जिउ
कस्को तृप्ति हो
कस्को सन्तुष्टि हो
यो भारी जिउ
यो भारी जिउको
तृप्तिमा
यो समागमा
मुलुकले कति वटा तन्ना फेर्यो
मुलुकले कति पटक रङ रोगन
गर्यो

यो भारी जिउको
पहिचान लुकाउन
खोज्दाखोज्दै

कतिवटा तन्ना फेरियो
कति पटक
रङरोगन गरियो
तर मुलुकको वस्त्र घट्दै गयो
ऊ अर्धनग्न हुँदै गयो
मुलुकको रङ खुइलिदै गयो
मुलुकको रङ हराउँदै गयो
र यसरी हामी
नाङ्गिदै गयौँ
र यसरी हामी खुइलिँदै गयौँ
र यसरी हाम्रो रङ हराउँदै गए
र हामी आपस आपसमै नचिन्ने
भयौँ
र हामी आपस आपसमै युध्द
गर्ने भयौँ ।

## ५० किलोमिटर...

सडक योजना हुम्लाको क्षेत्राधिकार हो । दक्षिण खण्डको खुलालु पिलुचौरको ६० किलोमिटर सडक गत वर्ष नै झण्डै २० करोडमा ठेक्का व्यवस्थापन गरेर काम जारी छ । चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित गरेर पिलुचौर-कुवाडी (बाजुरा खण्ड) र कुवाडी-तुमचौर (हुम्ला खण्ड) को ५० किलोमिटर सडक निर्माणका लागि चार अर्बको ठेक्का आह्वान गरिएको कर्णाली कोरीडोर दक्षिण खण्ड (खुलालु-सल्लिसल्ला) सडक योजना कोल्टी बाजुराका इन्जिनियर पंकज सिंह धामीले जानकारी दिए । 'ग्राभेल, सडक चौडा, नाला निर्माणका कामहरु खुलालुदेखि भइरहेको छ,' धामीले भने, 'पिलुचौर-तुमचौर खण्डको काम सक्न दुई ओटा बहुवर्षिय ठेक्का आह्वान गरिसकेका छौं, अबको तीन महिनामा सबै प्रक्रिया सकेर निर्माण व्यवसायीलाई काममा खटाउँछौं ।' बाजुराको पिलुचौर-कुवाडी २३.७ र कुवाडी-तुमचौर २६.३ किलोमिटर सडक कालोपत्रे गर्नेगरी ठेक्का व्यवस्थापन गरिएको छ । बहुवर्षे ठेक्काबाट सम्झौता गरिएको मितिदेखि तीन वर्षमा काम सक्ने लक्ष्य राखिएको इन्जिनियर धामी बताउँछन् । पिलुचौर-तुमचौर खण्डको सडकमा नाला निर्माण, सडक चौडा, ग्राभेल जस्ता कामहरु सञ्चालन गरिनेछ । कठिन भीरमा ५.५, अन्य क्षेत्रमा ७.७५ र बजार क्षेत्रमा ९ मिटरसम्म सडक कालोपत्रे गरिने इन्जिनियर धामीको भनाई छ ।

'खुलालु-पिलुचौरसम्मको सडक कालोपत्रेका लागि बजेट माग गरिसकिएकाले चालु आर्थिक वर्षमै ठेक्का व्यवस्थापन हुनेमा विश्वस्त छौं,' धामीले थपे, 'माथिल्लो खण्डमा निर्माणको गति बढाउँदै जाने र खुलालुबाट स्तरोन्नति गरिएको सडक कालोपत्रे गर्दै आउने लक्ष्य कार्यालयको छ ।' कर्णाली करीडोर उत्तर खण्ड (हिल्सा-सिमकोट-सल्लिसल्ला) योजना कार्यालयमा यो वर्ष ३४ करोड बजेट विनियोजन छ । गत वर्षदेखि सिमकोट हिल्सा खण्डमा सडक स्तरोन्नति कार्य शुरु गरिसकिएको छ । ग्राभेल, ग्याभिन वाल, नाला निर्माणको काम जारी रहेको कार्यालयले जनाएको छ । यो वर्ष बाँकी खण्डमा सडक स्तरोन्नति लगायतका काम गर्नेगरी विभिन्न प्याकेजमा काम गर्ने योजना छ ।

**Naraharinath Rural Municipality**
**Office of the Rural Municipal Executive**
Kumalgaun, Kalikot
Karnali, Province

**Letter Of Intent (LOI)**

**Date of Publication: 2081/11/02**

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per Published on Madhayanh National Daily dated on 2081/05/21, Yougaawan National Daily dated on and dated on 2081/05/25 Yugaahwan National Daily to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling the qualification criterion:

| Contract Id No. | Name of Project | Substantially responsive Lowest Evaluated bidder | Bid Amount including VAT (NRs) |
|---|---|---|---|
| NNRM/PMEP/SQ/02/2081/082 | Procurement Transportation Construction Materials for PMEP | Badimalika Traders& Order Suuppliers | 1686694.50 |

**Chief Administrative Officer**

सातौं राष्ट्रिय गुरिल्ला म्याराथन :

# पुरूषतर्फ रूकुमपश्चिमका दुर्गाराज र महिलातर्फ जुम्लाकी कल्पना विजयी

**युग संवाददाता**
**रूकुमपश्चिम, २ फागुन ।** रूकुमपश्चिमको सानीभेरी गाउँपालिकाको बेलटापु खेलमैदानमा भएको सातौं राष्ट्रिय सानीभेरी-मौराखारा गुरिल्ला म्याराथन सम्पन्न भएको छ।

उक्त प्रतियोगितामा पुरूषतर्फ रूकुमपश्चिमको मुसिकोट नगरपालिका-५ का दुर्गाराज बुढा प्रथम हुनुभयो भने महिलातर्फ जुम्लाकी कल्पना बुढाले उपाधि पाए। निर्धारित ४८ किलोमिटर दूरी चार घण्टा ५२ मिनेटमा पूरा गरेर दुर्गाराज प्रथम हुँदै नगद एक लाख पुरस्कार प्राप्त गरे।

रूकुमपश्चिमकै सानीभेरी गाउँपालिका-३ का भुवन ओली दोस्रो भए। उनले निर्धारित दूरी चार घण्टा ५३ मिनेटमा पूरा गर्दै रू ७५ हजार पुरस्कार प्राप्त गरे। जुम्लाका शेरबहादुर बुढा तेस्रो हुँदा रूकुमपूर्वको भूमे गाउँपालिकाका शक्तिराम बुढा चौथो भए। शेरबहादुरले रू ४५ हजार र शक्तिरामले रू १५ हजार पुरस्कार प्राप्त गरे।

म्याराथनमा पाँचौं स्थानदेखि १० औं स्थानसम्म प्राप्त गर्ने धावकलाई समान रू तीन हजार नगद पुरस्कार उपलब्ध गराइएको सानीभेरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दीपक बुढाथोकीले जानकारी दिए।



महिलातर्फ प्रथम भएकी जुम्लाकी कल्पना बुढाले निर्धारित ३४ किलोमिटर दूरी तीन घण्टा १४ मिनेटमा पार गर्दै उनले ६० हजार पुरस्कार प्राप्त गरे। निर्धारित दूरी तीन घण्टा १६ मिनेटमा पार गर्दै जुम्लाकी राज्यलक्ष्मी रावत द्वितीय, तीन घण्टा ५७ मिनेटमा दूरी पार गर्दै जुम्लाकै सन्दीपा बुढा तृतीय र जुम्लाकै मिमु बुढा चौथो भए। उनीहरूले क्रमशः रू ४० हजार, रू २० हजार र रू १० हजार नगद पुरस्कार प्राप्त गरेको प्रमुख प्रशासकीय अधिकृत बुढाथोकीले जानकारी दिए।

महिलातर्फ पनि पाँचौंदेखि दशौंसम्मका धावकहरूले समान रू तीन हजार पुरस्कार प्राप्त गरे। महिला र पुरूष दुवैतर्फ विजेतालाई कप, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको थियो। प्रतियोगितामा पुरूषतर्फ ६१ जनाले प्रतिस्पर्धा गरेका थिएभने महिलातर्फ ३१ जना धावकले प्रतिस्पर्धा गरेका थिए। हरेक वर्ष सानीभेरी गाउँपालिका फागुन १ गते राष्ट्रियस्तरको गुरिल्ला म्याराथन प्रतियोगिता सञ्चालन गर्दै आएको छ। यसमा राष्ट्रिय खेलकुद परिषद्ले पनि सहयोग गर्दै आएको छ। प्रतियोगिताका विजेता धावकहरूलाई नेकपा (माओवादी केन्द्र) उपमहासचिव एवं सांसद जनार्दन शर्माले पुरस्कार प्रदान गरे।

# कांग्रेसमा अब देउवाको 'बक्सिस' कसलाई ?

**युग संवाददाता**
**काठमाडौँ, २ फागुन ।** नेतृत्वका लागि क्षमतावान्, व्यवस्थापकीय कुशलतायुक्त र वचन दिएपछि कार्यान्वयन गर्ने नेतामा पर्छन् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा। देउवाले आफूसम्म पुग्ने प्रतिस्पर्धी, नेता-कार्यकर्ता र जनताका कुरा सहजतापूर्वक सुन्छन्। अरु नेताको जस्तो इगो नराखी स्वभाव र व्यवहारगत गुण हेरेर उनले जिम्मेवारी पनि दिन्छन्।

यद्यपि स्पष्ट रूपमा गुट-उपगुटमा विभक्त कांग्रेसमा इतर समूहले देउवालाई विधान र पद्धतिको वास्ता नगर्ने, गुटलाई प्रश्रय दिने, स्वार्थका लागि जोडिएकालाई काखी च्याप्ने र विचारले जोडिएकाहरूलाई बेवास्ता गर्ने गरेको आरोप लगाउने गरेका छन्।

पार्टीभित्रको जोडघटाउलाई कुशल रूपमा व्यवस्थापन गर्ने देउवाले आफ्ना प्रतिस्पर्धीका साथै निरंकुश पञ्चायती शासन व्यवस्थादेखि अहिलेसम्म आइपुग्दा असहज परि स्थितिमा सहयोग गरेका नेताहरूको व्यवस्थापन गरेर 'गुन' तिरेका छन्। देउवाले गुन तिरेकामा आफ्नै प्रतिस्पर्धीमात्र नभएर बेलाबेलामा धोका दिएर गएका र पछि अप्ठ्यारो पर्दा सहयोग गरेकाहरू पनि छन्।

आफ्ना प्रतिस्पर्धी र मुख्य अवस्थामा धोका दिएकालाई समेत देउवाले गुन तिर्छन् भन्ने ताजा उदाहरण हुन् राष्ट्रपति रामचन्द्र पौडेल। पौडेल कांग्रेसमा पदका लागि पटक-पटक देउवाका प्रतिस्पर्धी भए। एक पटक पौडेलले देउवालाई नराम्रोसँग धोका पनि दिए।

२०५९ सालमा कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले पार्टीको तर्फबाट संकटकाल नथप्न देउवा नेतृत्वको सरकारलाई दिएको निर्देशन देउवाले अस्वीकार गरे। त्यसपछि कोइरालाले केन्द्रीय समिति बैठकबाट देउवालाई कारबाही गरे। आफूलाई पार्टीले कारबाही गरेपछि देउवाले २०५९ असार ४ गते बानेश्वरमा आफू पक्षीय कार्यकर्ताको भेला गरेर नयाँ पार्टी 'नेपाली कांग्रेस (प्रजातान्त्रिक)' गठन गर्दा पौडेललाई सभापति बनाउने तयारी थियो। पौडेलले 'म आउँछु' भनेर असार ३ गते साँझ देउवालाई भनेपछि असार ४ मा कार्यकर्ता भेला राखिएको थियो। तर, धोका दिँदै पौडेल भेलामा नआएपछि अन्तिममा देउवा आफैँ नयाँ पार्टीको सभापति भएका थिए। २०६४ मा भएको पहिलो संविधान सभा निर्वाचनपछि संसदीय दलको नेता निर्वाचनमा पौडेल र देउवा प्रतिस्पर्धी हुँदा देउवा पराजित भए। २०७२ फागुन २५ गते कांग्रेस सभापतिमा भएको प्रतिस्पर्धामा देउवाले पौडेललाई पराजित गरे।

२०७८ मंसिर २४ देखि २७ गतेसम्म भएको कांग्रेसको १४ औं महाधिवेशनमा भने पौडेल सभापतिको उम्मेदवारका आकांक्षी थिए तर अस्वस्थ प्रतिस्पर्धा भन्दै उनी महाधिवेशनको प्रक्रियाबाट बाहिरिए। यद्यपि पौडेलले आन्तरिक रूपमा देउवालाई सहयोग गरे। त्यसको गुन तिर्दै देउवाले पौडेललाई पार्टीबाट राष्ट्रपतिको उम्मेदवार बनाएर निर्वाचित गराए। त्यसबेला पार्टीबाट उम्मेदवार बन्न नेता कृष्णप्रसाद सिटौलाले पनि प्रयास गरेका थिए। देउवाले 'अहिले पौडेललाई उम्मेदवार बनाऔं, तपाईंलाई पछि हेरौंला' भनेर सिटौलालाई मनाएका थिए।

कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' त्यतिबेलाको प्रसङ्ग उल्लेख गर्दै भन्छिन्, 'सभापतिज्यू र रामचन्द्र दाइ (रामचन्द्र पौडेल) प्रतिस्पर्धी हुनुहुन्थ्यो तर सभापतिज्यूले रामचन्द्र दाइका बारेमा पुरानो साथी हो, दुःख गरेको मान्छे हो, बनाउनुपर्छ भन्नुहुन्थ्यो, बनाउनुभयो।' सहमहामन्त्री उपाध्यायले पार्टीमा निरन्तर क्रियाशील रहेका र कांग्रेस भनेर जीवनभर लागेकालाई एक पटक जिम्मेवारी दिनुपर्छ भन्ने धारणा देउवामा रहेको बताइन्। 'पार्टीमा निरन्तर लागेको र म पनि छु भनेर काम गरिरहेकालाई कहीं न कहीं मौका दिनुपर्छ भन्ने धारणा छ,' उपाध्यायले रातोपाटीसँग भनिन्, 'दिनुभएको पनि छ। दुःख गरेका मान्छेलाई बिर्सिनुहुन्न।'

पौडेललाई मात्रै होइन, १४औं महाधिवेशनमा पहिलो चरणमा सभापतिको उम्मेदवार भएर दोस्रो चरणमा आफूलाई सघाएका नेता प्रकाशमान सिंहलाई केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारमा पार्टीको नेतृत्व गर्दै उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री बनाएर देउवाले पठाएका छन्। सिंहले पनि पौडेलले जस्तै देउवालाई कुनैबेला धोका दिएका थिए। पार्टी फुटाउँदा साथ दिएका सिंह १२ औं महाधिवेशन अघि गुट परिवर्तन गर्दै तत्कालीन संस्थापन प्यानल (सुशील कोइराला)तिर गएर महामन्त्री बनेका थिए।

# राकममा कर्णाली प्रतिष्ठानको 'स्याटेलाइट' अस्पताल

**युग संवाददाता**
**जुम्ला, २ फागुन ।** जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालले दैलेखको राकम कर्णालीमा ५० शय्याको स्याटेलाइट अस्पताल संचालन गर्ने भएको छ। राकममा यसअघि नै प्रतष्ठिान मातहत अस्पताल संचालनको पहल भइरहेको थियो।

संघीय मन्त्रिपरिषद्ले सोमबार राकम कर्णालीमा रहेको आधारभूत अस्पताललाई प्रतिष्ठान मातहत सञ्चालन गर्ने निर्णय गरेसँगै राकममा ५० शय्याको अस्पताल बन्ने भएको हो। कर्णाली र सुदूरपश्चिमका झण्डै ९ लाख जनसंख्याले सेवा लिन सक्ने सम्भावना बोकेको राकम कर्णालीमा प्रतिष्ठान माताहत अस्पताल सुरु हुने निर्णयले राकम स्थानीय उत्साहित छन्। कालीकोट, दैलेख, बाजुरा, बझाङ, अछाम, हुम्ला र मुगुका बिरामी राकम अस्पताल लैजान सहज हुनेछ।

अस्पतालमा दक्ष जनशक्ति व्यवस्थापन गरेर गुणस्तरीय सेवा उपलब्ध गराउन सके सुर्खेतबाट समेत उपचारका लागि राकम आउने वातावरण बनाउने लक्ष्य प्रतिष्ठानको छ। 'तत्काल आधारभूत अस्पताल स्तरवृद्धि गरेर ५० शय्याको चलाउने योजना छ,' प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलले भने, 'अस्पतालबाट स्वास्थ्य सेवा मात्र नभइ शिक्षा र अनुसन्धानका क्षेत्रमा पनि काम हुनेछ।' सरकारको पछिल्लो निर्णयले कर्णालीको स्वास्थ्य, शिक्षा र अनुसन्धानका क्षेत्रमा सकारात्मक सन्देश दिएको उपकुपति डा. रावलले बताए।

आठबिस नगरपालिका-४ राकम कर्णालीमा आधारभूत अस्पतालको सम्पूर्ण व्यवस्थापन र संचालनको जिम्मेवारी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले पाएको हो। यहाँ आधारभूत अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा छ। अब सक्दो चाँडो ५० शय्याको अस्पतालबाट सेवा संचालन गर्ने प्रतिष्ठानले जनाएको छ।


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००


## घुयँत्रो

### "बिरसिक्का"

प्रचण्ड कमरेड ओलि जत्तिको प्यारो र नजिकको कोहि छैन भनेर रातारात देउबाको बिजोग बनाएर जानू भो। गठबन्धन गरेर बाँडिचुँडि उमेदबार बनाएको मात्रै हैनकि देउबाकै कारण छोरीलाई स्थापित गराको ३३ सिटे पाटिलाईनि प्रधानमन्त्री दिने देउबा जस्ता पाटिका लागि नालाएक को समेत गुन बिर्सेर रातारात ओलिसित गर्धन जोड्दा तिनै काँग्रेसीहरु अनेकन किसिमका फटाहा भए अनि ओलि दुधले नुहाएको सफा, सेतो,निर्मल भए र अब देश समृद्धिको माथिल्लै खुटकिलाँ पुग्ने भए भन्नू हुन्थ्यो त ! त्यो बेलाँ तपाईंका लागि सर्वश्वनै ओलिबा भनेर हिँडनु हुन्थ्यो त ! जब ओलिबाले तपाइँलाई थाङना सुताउने गरि काँग्रेससित गठबन्धन गर्नुभो अनि तिनै राम्रा वलि कसरी नराम्रा भएछन। आजकाल त दिनकै ओलिकै बिरुध्दाँ कुर्लिनु हुन्छ त ! राजनीति भन्या नि त्यस्तो हुँदोरैछ हगी ! आफ्नो स्वार्थ हुनेबेलासम्म त्यै ढुङ्गा देउता जब स्वार्थ सिध्दिन्छ अनि त्यै देउता ढुङ्गा ! वाह तपाईंलाईनि मान्नै पर्छ यार। सत्ताट बाईर बस्न गाह्रो हुँदोरैछ हगि ! जबदेखि ओलीले सत्ता लगेर तपाइँलाई थाङनाँ सुताए तबदेखि बिचरा ओलिबाको निद हराम गर्नुभाछ हगि ! तपाइँको रात दिनको करकरले बिचरा बा हुँदाहुँदा आजकाल त ल ! साँच्चिकै निहुनै खोज्याहोत ल आओ गिरि बन्धु ,ओम्नि , ललिता निबास, काण्डका नाममा जेजतिछन ती सब्बै छानबिन गरम् भन्न पो थाल्नु भा छ। साँच्चिकै ओलि बाले गर्याकुरा सहि हो र देशाँ आजसम्म घोटाला भाका भन्ने जतिपनि काण्डछन ती सब्बैको छानबिन गर्न सब्बै दल तयार भएर लागम्नत ! जनताको रातदिनको माग भनेकै भष्टाचारीलाई कारबाहि गर्नेछ त हाम्लेनि जनतालाई सर्वोपरि मानेर राजनीति गर्ने होभने भष्टाचार काण्डका फायल खोलम , तेरो मेरो नभनिकन अपराधिलाई कार्बाहि गरम्। यदि साँच्चिकै जनताको भष्टाचारमाथि लगाम लगाउने चाहना तपाइँहरुले पूरा गर्दिनु भो भने जनता तपाइँहरुप्रति नतमस्तक हुनेछन। आजसम्म तपाइँहरूलाई छिछि र दुर्दुर गर्ने जनताले तपाइँलाई सम्मान गर्नेछन। त्यसैले प्रचण्ड कमरेड तपाइँ साँच्चिकै प्रतिपक्षको भूमिकामा खरो उत्रिन चाहनुहुन्छ भने गालि गलोज र नानाथरिका सत्ताच्युत भएको रोदन सुनाएर ओलि बालाई विक्षिप्त बनाउने भन्दा भष्टाचारविरुध्द लडन कसरी सकिन्छ त्यो लडाइँ जित्नेगरि कसरी लडने र भष्टाचारीहरुलाई कठघराँ हालेर कडाभन्दाकडा सजाय दिलाउने त्यसमा सोचौं दुइटाको सत्ताको पिरलोले देश बन्दैन। चेतना भया।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रु. ८,००,०००/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com



## १० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।